## सी.आर.जी. भनेको के हो ?

सी.आर.जी वा 'समुदाय, अधिकार, तथा लिङ्ग' भन्नाले एच.आई.भी., टी.वी. तथा मलेरिया विरुद्धको प्रतिकार्यको एउटा पद्धतीलाई जनाउँदछ जसले सामुदायिक प्रणाली सुदृढीकरण तथा प्रतिकार्य, मानव अधिकार र लैंगिक रुपान्तरणलाई प्रवर्द्धन गर्दछ वा बढावा दिन्छ । सी.आर.जी को आँखाले रोगबाट असमानुपातिक रुपमा प्रभावित मुख्य जनसांख्यिक समूह तथा समुदायको आवश्यकता अनुसारका कार्यक्रम तथा क्रियाकलापहरुलाई केन्द्रमा राख्दछ ।

सन् २०३० सम्म एच.आई.भी., टी.वी. तथा मलेरियाको प्रकोपलाई अन्त्य गर्ने नयाँ र महत्वाकांक्षी विश्व लक्ष्य निर्धारण भएसंगै रोग सम्बन्धी विश्वको तथा राष्ट्रिय रणनीतिहरुमा मुख्य जनसांख्यिक समूह, मानव अधिकार तथा लैंगिक समानता को भूमिका अझ शसक्त हुनु पर्ने आवश्यकता छ । ग्लोबल फन्ड अन्तर्गत सी.आर.जी क्रियाकलापहरुप्रतिको विशेष जोडलाई सी.आर.जी. विभाग (CRG Department) तथा सी.आर.जी. विशेष शूरुवात (CRG Special Initiative) हरुको स्थापनाले प्रष्ट्याएका छन् । यीनीहरुको मख्य लक्ष्य रोगबाट प्रभावित समुदायहरुले अर्थपूर्ण रुपमा ग्लोबल फन्ड प्रकृयाहरुमा सहभागी हुने तथा ग्लोबल फन्डको सहयोगमा संचालित कार्यक्रमहरुल् उनीहरुको आवश्यकतालाई सम्बोधन गर्ने कुरालाई सुनिश्चित गनु हो । हालसालै पारित भएको ग्लोबल फन्ड रणनीति २०१७-२०२२ (The Global Fund Strategy 2017-2022: Investing to End Epidemics) ले मुख्य जनसांख्यिक समूह, मानव अधिकार तथा लैंगिक समानतालाई विशेष जोड दिएको छ जुन पहिले कहिल्यै गरिएको थिएन । यस नयाँ रणनीतिले :

१ रोगको बोझ धेरै भएको तर खर्च गर्ने क्षमता कम भएको वा रोगबाट असमानुपातिक रुपमा प्रभावित जनसांख्यिक समूहहरु रहेको राष्ट्रहरुका लागि स्रोत केन्द्रित गरी लगानीलाई बढी उपलब्धिमूलक बनाउनेछ;

२ लचिलो र दीगो स्वास्थ्य प्रणालीको विकास गर्न तथा महिला, बालबालिका तथा किशोर किशोरीका लागि एकीकृत स्वास्थ्य सेवा लाई बढावा दिनका का लागि समुदायको प्रतिकार्य लाई सुदृढीकरण गर्ने;

३ मानव अधिकार तथा लैंगिक समानताको रक्षा तथा प्रवर्द्धन गर्ने खालका रोग नियन्त्रण कार्यक्रमहरुको विस्तारलाई टेवा पुऱ्याउने;

४ एच.आई.भी, टी.वी. र मलेरिया रोग सम्बन्धी विश्वव्यापी रणनीतिहरुको प्रभावकारी कार्यान्वयनका लागि अधिकतम लगानी परिचालन गर्ने;

## सी.आर.जी. क्रियाकलापहरुका लागि केस

एच.आई.भी., टी.वी. र मलेरिया विरुद्धको प्रतिकार्यहरुको समावेशिकरण तथा प्राथमिकिकरणले रोगविरुद्धको प्रतिकार्यको प्रभावकारीता सम्बन्धी अवरोधहरुलाई सम्बोधन गर्नका लागि समुदाय तथा रोगबाट असमानुपातिक रुपमा प्रभावित समूहको सहभागीता र मानव अधिकार तथा लैंगिक समानताको प्रवर्द्धन तथा रक्षाले कसरी महत्वपूर्ण भूमिका खेल्दछ भन्ने तथ्यलाई प्रतिनिधित्व गर्दछ । सन् २०३० सम्ममा मलेरियालाई उन्मुलन गर्ने तथा एच.आई.भी र टी.वी.को महामारीलाई अन्त्य गर्ने

नयाँ र महत्वाकांक्षी विश्वव्यापी लक्ष्य संगै समुदाय केन्द्रित रणनीतिहरु, मुख्य जनसांख्यिक समूहका लागि कार्यक्रमहरु, मानव अधिकार तथा लैंगिक समानता जस्ता सबै क्षेत्रहरु अत्यन्तै महत्वपूर्ण बनेका छन् ।

मुख्य जनसांख्यिक समूह, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी मुद्धाहरु रोगैपिच्छे र देशको परिवेश अनुसार फरक फरक हुन्छन् । जस्तै समुदायमा व्याप्त भेदभाव तथा हिंसा जसले मुख्य जनसांख्यिक समूहलाई स्वास्थ्य सेवाको पहूँच तथा स्वास्थ्य सेवा लिन जाने व्यवहार परिवर्तन गर्न अवरोध गर्दछ । यसैगरी मुख्य जनसांख्यिक समूहलाई अपराधी बनाउने तथा उनीहरुलाई मानव अधिकारको उपभोग गर्नबाट बञ्चित गर्ने खालका कानून पनि एउटा मख्य मुद्धाको रुपमा रहेको छ । रोगबाट प्रभावित समुदायको आवश्यकता सम्बोधन गर्ने स्वास्थ्य प्रणाली तथा अन्य सरोकारवालाको असक्षमता अर्को मुद्धाको रुपमा रहेको छ । यसका साथै सबै तहको रोग विरुद्धको प्रतिकार्यमा एउटै समुदायको अर्थपूर्ण सहभागीता र उक्त सहभागीता जनाउने क्षमता पनि प्रमुख मुद्धाको रुपमा रहेको छ ।

## सी.आर.जी आवश्यकता लेखाजोखाको लागि एउटा औजार (Tool)

१ मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी छुट्टै कार्यक्रमका लागि सहयोग वा बजेट नहुन वा अपुग हुनु तथा रोग नियन्त्रण कार्यक्रममा मानव अधिकार तथा लैंगिक समानता लाई एकीकरण गर्नु ।

२ सेवा प्रवाह (समुदायले नेतृत्व गरेको टेष्टिङ्ग समेत), तथ्यहरुको विकास, कार्यक्रम अनुगमन तथा वकालतका लागि समुदायका विभिन्न समूह तथा मुख्य जनसांख्यिक समूहका लागि सोझै आर्थिक सहयोग नहुनु वा अपुग हुनु ।

३ गैह्र सामुदायिक सरोकारवालाहरुमाझ तीनवटा रोगहरुसंग सम्बन्धित मानव अधिकार, लैंगिक समानता तथा शसक्तिकरण जस्ता विषयमा जनचेतनाको कमी हुनु

४ मुख्य जानसांख्यिक समूहको अधिकार उपभोगमा असर गर्ने कारवाहीमुलक नीति हुनु तथा कानून व्यवसायी तथा कानून कार्यान्वयनकर्ताहरु सम्बन्धी जनचेतनाको कमी हुनु

५ समुदाय तथा मुख्य जनसांख्यिक समूहमाझ मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी चेतना असमान हुनु तथा यो रोगको महामारी संग कसरी सम्बन्धित हुन्छ भन्ने विषयको चेतना असमान हुनु । विशेष गरेर यो टी.वी. र मलेरियाका लागि यो बढी सम्बन्धित हुन्छ ।

६ राष्ट्रिय स्तरको रोग नियन्त्रण सम्बन्धी विभिन्न कार्यक्रमहरु (रणनीति निर्माण र बजेट आवेदन देखि कार्यक्रम संचालन तथा अनुगमन र मूल्याङ्कन सम्म) मा समुदाय, नागरिक समाज तथा मुख्य जनसांख्यिक समूहको सहभागी हुने क्षमता कमजोर हुनु

७ मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी अवरोधहरुले एच.आई.भी, टी.वी. र मलेरिया सम्बन्धी सम्बन्धी क्रियाकलापहरुको प्रभावकारीतालाई असर गदछ । त्यसकारण यी तीनवटा रोगहरुलाई अन्त्य गर्नका लागि त्यस्ता अवरोधहरुलाई सम्बोधन गर्नु अत्यन्तै आवश्यक हुन्छ । मुख्य जनसांख्यिक समूह केन्द्रित रोग नियन्त्रण कार्यक्रमको लगानीको उपलब्धी सुनिश्चित गर्नका लागि मुख्य उत्प्रेरकहरु (भलबदभिचक) अत्यन्तै महत्वपूर्ण हुन्छन र सी.आर.जी क्रियाकलापहरु रोग नियन्त्रण कार्यक्रममा उत्तिकै प्राथमिकता पाउनु पर्दछ ।

## आर्थिक सहयोग पद्धती तथा सी.आर.जी

सन् २०१४-२०१६ को बजेट विनियोजन अवधीमा ग्लोबल फन्ड आर्थिक सहयोग पद्धतीमा गरिएको व्यापक परिवर्तनले आर्थिक सहयोग आर्किटेक्चर मा समुदायको सहभागीताको लागि नयाँ स्थानको श्रृजना गऱ्यो । तर यसले आर्थिक सहयोगको आवेदन तथा सहयोग प्राप्त क्रियाकलापहरुमा सी.आर.जी सम्बन्धी मुद्धाहरु तथा यस सम्बन्धी क्रियाकलापहरुको पूर्ण समायोजन अनिवार्य रुपमा गर्न सक्षम भएन ।

आवश्यकताको लेखाजोखा तथा कन्सेप्ट नोटको पुनरावलोकले आर्थिक सहयोग प्रदान गर्ने पद्धतीको कार्यान्वयनले एच.आई.भी., टी.वी र मलेरिया कार्यक्रमहरु सम्बन्धी महत्वपूर्ण उत्प्रेरकहरुलाई सम्बोधन गर्ने सम्बन्धी उपलब्धी, कमी कमजोरी तथा चुनौतीहरु लाई चित्रण गरेको छ। समुदायको अनुभव तथा ग्लोबल फन्डको सहयोग प्राप्त कार्यक्रमहरुमा सी.आर.जी. क्रियाकलापहरुको समायोजन गर्ने प्रयाशको नतिजाको झलक तल प्रस्तुत गरिएको छः

१ शसक्त समुदाय, नागरिक समाज तथा मुख्य जनसांख्यिक समूह सञ्जालहरु सी.आर.जी. सम्बन्धी प्राथमिकताहरुलाई बजेट आवेदनमा समायोजन गर्नका लागि अत्यन्तै महत्वपूर्ण हुन्छन् । तर साथसाथै यो समुदायका प्रणालीहरुलाई सहयोग गर्ने राष्ट्रिय कार्यक्रमहरु तथा समुदाय परिचालनका लागि प्रेरक वातावरण को नतिजा पनि हो ।

२ सन् २०१४-२०१६ को बजेट विनियोजन अवधीका लागि पेश गरिएका तीनवटा रोगहरु सम्बन्धी कन्सेप्ट नोटहरु मुख्य जनसांख्यिक समूहमा केन्द्रित रोगको प्रकोपमा केन्द्रित थिए । तथापी ती कन्सेप्ट नोटहरुले कसरी मुख्य जनसांख्यिक समूहको आवश्यकतालाई गरिनेछ भन्ने कुरा स्पष्ट पार्न सकेका थिएनन ।

३ सी.आर.जी. प्राथमिकताहरु तुलनात्मक रुपमा एच.आई.भी. को बजेट आवेदनमा प्रष्ट रुपमा प्रतिनिधित्व गरिएका हुन्छन् । तर एच.आई.भी र टी.वी. का संयुक्त आवेदनमा टी.वी. कार्यक्रमले एच.आई.भी. सम्बन्धी कार्यक्रमले प्रस्तुत गरेका मानव आधिकार तथा लैंगिक समानता सम्बन्धी क्रियाकलापहरुबाट लाभ लिनेछन् ।

४ मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी बुझाई कमजोर रहेको छ र यसलाई सम्बोधन गर्ने उपायहरुपनि फरक फरक रहेका छन् तीनका उपलब्धि पनि मिश्रित छन् ।

५ कन्सेप्ट नोटमा समुदायले नेतृत्व लिएका क्रियाकलापहरु तथा समुदाय सुदृढीकरण सम्बन्धी सन्दर्भ सामग्रीहरु समावेश गरिएका हुन्छन । तर यस्ता क्रियाकलापहरु कसरी परिभाषित गरिएका छन् भन्ने विषयको बुझाई फरक फरक छन् । विशेष गरेर रोग विरुद्धको प्रतिकार्यका लागि मुख्य जनसांख्यिक समूहलाई बराबरको साझेदारको रुपमा हेर्ने विषयको बुझाई फरक फरक रहेको छ ।

समुदायका विद्यमान प्रणालीको सुदृढीकरण तथा सी.आर.जी. प्राथमिकताहरुका लागि प्राय बजेट आवेदनमा कम बजेट विनियोजन गरिएको हुन्छ वा यीनलाई प्राथमिकतामा तल राखिएको हुन्छ । सी.आर.जी. प्राथमिकताहरुलाई बजेट विनियोजनको निर्णयको चरण(grant-making phase)सम्म टिकाईराख्ने कुरालाई सुनिश्चित गर्नका लागि समुदायको शसक्त सहभागीता तथा मुख्य सरोकारवालाहरु (बजेटको मुख्य ग्राही र ग्लोबल फन्ड राष्ट्रिय टाली) को सहयोगको आवश्यकता पर्दछ ।

## रोग नियन्त्रण कार्यक्रममा सी.आर.जी. प्राथमिकताहरुलाई कसरी प्रवर्द्धन गर्ने

सन् २०१४-२०१६ को बजेट विनियोजन अवधीमा सहभागी भएका समुदाय स्तरका वकालतकर्ताहरुको अनुभववाट भएको सीकाईको आधारमा अर्को विनियोजन अवधीमा सी.आर.जी. प्राथमिकताहरुलाई बढावा दिने केही व्यवाहारिक चरणहरु तल प्रस्तुत गरिएका छन :

१ **सी.आर.जी प्राथमिकताहरुका लागि तथ्यहरु संकलन गर्नुहोस्:** सी.आर.जी सम्बन्धी मुद्धाहरु तथा यस सम्बन्धी मुख्य जनसांख्यिक समूहका आवश्यकताहरु सम्बन्धी रणनीतिक सूचनाको अभावले रोग नियन्त्रण कार्यक्रममा मानव अधिमार तथा लैंगिक समानता सम्बन्धी क्रियाकलापहरुलाई कम प्राथमिकता दिने कुरालाई मलजल प्रदान गरेको छ । मुख्य जनसांख्यिक समूह तथा पहूँचबाट टाढा रहेका समूहको हकमा रणनीतिक सूचना उपलब्ध हुनु धेरैनै चुनौतीपूर्ण हुन्छ । जस्तै लागू औषध सेवन गर्ने यौनकर्मीहरुको व्यवहार तथा उनीहरुको कानूनि अवस्थाको कारणले उनीहरुलाई एच.आई.भी.को उच्च जोखिममा राख्दछ । यस्तैगरी नागरिकताको अधिकार निश्चित नभएका बसाईं सराई गर्ने घुमन्ते समूह मलेरियाको उच्च जोखिममा हुने गर्दछन् । यसका लागि एउटा प्रभावकारी उपाय तल यसप्रकार हुनसक्दछ : आफ्नो सी.आर.जी. प्राथमिकताहरुको निर्धारण गर्न विभिन्न सरोकारवालाहरु संलग्न गरी आवश्यकताको लेखाजोखा गर्ने तथा यसको नतिजालाई बजेट आवेदन दिनु अगावै क्रियाकलाप संचालन गर्नका लागि प्रयोग गर्ने वा बजेट आवेदनमा तीनलाई समावेश गराउन जोड दिने ।

२ **लक्ष्य निर्धारण गर्नुहोस र रणनीतिहरु विकास गर्नुहोस्:** सी.आर.जी. प्राथमिकतालहरुलाई मनन गर्दै कसरी यी प्राथमिकताहरु हाँसिल गर्न सकिन्छ भनेर निर्धारण गर्न समुदायका प्रकृयाहरुमार्फत अगाडी बढ्नु महत्वपूर्ण हुन्छ । यसले बजेट आवेदनमा तपाईंको सहभागीता सम्बन्धी रणनीतिहरु तय गर्न पनि सहयोग गर्दछ । यसका लागि विचार गर्नुपर्ने केही महत्वपूण कुराहरु यसप्रकार छन् । सी.आर.जी प्राथमिकताहरुलाई केवल व्याख्या गरेर मात्र छोडेको नभै यसलाई बजेट सहितको क्रियाकलापमा रुपान्तरित गरेर समावेश गरिएको कुरा सुनिश्चित गर्नु पर्दछ । के तपाइ सामुदायिक समुहहरुलाई कार्यानवयनकर्ता (मुख्य ग्राहि वा सह ग्राहि) बनाउन चाहनुहुन्छ, यदि हैन भने मुख्य समुह सञ्जाल, नागरिक समाज र समुदाय कार्यानवयनको खाका भित्र छन् भन्ने कसरि यकिन गर्नुहुन्छ ? अनि संलग्न हुनको लागि आवस्यक पर्ने अध्यावधिक जानकारिहरु सम्मको पहुँच छ कि छैन?

३ **सरोकारवालाहरुको नक्सांकन गर्नुहोस्:** यस अन्तर्गत बजेट आवेदनका लागि आफ्नो विचार दिन सक्ने निर्णयकर्ताहरु समावेश हुन्छन जसमा सी.सी.एम. सदस्य, रोग नियन्त्रण कार्यक्रम संचालकहरु देखि स्वास्थ्य मन्त्री सम्म पर्दछन् । नोट गर्नुहोस् - नागरिक समाज, रोगबाट ग्रसित व्यक्तिहरु समेत सी.सी.एम. को सदस्य हुनुपर्ने प्रावधान ग्लोबल फन्डका लागि योग्य हुनका लागि पूर्वावश्यकता हो । यसैगरी बजेट आवेदन तथा कार्यक्रम संचालन प्रकृयामा समुदाय, मुख्य जनसांख्यिक समूह तथा नागरिक समाजलाई समावेश गराईएको हुनेपर्ने व्यवस्था पनि ग्लोबल फन्डको लागि योग्य हुनका लागि पूर्वावश्यकता हो । अध्ययन गनुहोस् : तपाईंको देशको सी.सी.एम. संग परिचित हुनुहुन्न ?

४ **अन्य व्यक्ति/समूह सम्म पुग्नुहोस् र सहकार्य बढाउनुहोस्:** मुख्य जनसांख्यिक समूह, मानव अधिकार तथा लैंगिक समानता सम्बन्धी मुद्दाहरुलाई रोग नियन्त्रण कार्यक्रममा पूर्ण समायोजन गर्नका लागि सरोकारवालाहरुसंगको सहकार्य महत्वपूर्ण हुन्छ । ग्लोबल फन्डको सी.आर.जी. प्राथमिकताहरुको महत्वलाई जोड दिने नीति तथा प्रकृयाहरु हुँदा हुँदैपनि आर्थिक सहयोगको विभिन्न चरणहरुमा सी.आर.जी. सम्बन्धी कार्यक्रमहरु छुटाईन सक्दछन् । त्यसैले अन्य व्यक्ति तथा समूहसंगको सहकार्यले यस्ता विषयहरुको प्राथमिकता कम हन नदिने कुरालाई सुनिश्चित गर्न मद्धत पुऱ्याउँदछ । अन्य रोगहरु सम्बन्धी सरोकारवालाहरुसंग गरिने यस्तो सहकार्यले सी.आर.जी सम्बन्धी मुद्धाहरु विभिन्न रोग नियन्त्रण कार्यक्रममा दोहोरिएका छन् भने त्यस्तो अवस्था आउन नदिन पनि मद्धत पुऱ्याउँदछ ।

५ **समस्या तथा चुनौतीहरु पहिचान गर्नुहोस् र तीनलाई समयमै समाधान गर्नुहोस्:** राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम (ग्लोबल फन्डको सहयोगमा संचालित वा राज्यको आफ्नै) को विकास गर्ने प्रकृया वा रोगविरुद्धको वृहत प्रतिकार्यमा सहभागी हुने सम्बन्धमा मुख्य जनसांख्यिक समूह, समुदाय तथा नागरिक समाजले भोग्नुपरेको समस्या तथा चुनौतीहरु लाई रणनीतिक तरिकाले सम्बोधन गरिनु पर्दछ । त्यस्ता समस्या तथा चुनौतीहरुको पहिचान गर्नु र तीनको सम्बोधनका लागि आवश्यक प्राविधिक सहयोगको जानकारी हुनु तीनको समाधानका लागि अत्यन्तै महत्वपूर्ण हुन्छन् । सी.आर.जी. को लागि ग्लोबल फन्ड अन्तर्गत छुट्टै प्राविधिक सहयोग कार्यक्रम (TA programme) रहेको छ भने यसका लागि क्षेत्रीय एच.आई.भी. मुख्य जनसांख्यिक समूह सञ्जाल (Regional HIV key population networks) तथा विकासका साझेदार संस्थाहरु जस्तै युएनएड्स र विश्व स्वास्थ्य संगठन बाट पनि स्रोत उपलब्ध छन् ।

६ **मौजुदा निर्देशिका तथा स्रोतहरुको प्रयोग गर्नुहोस्:** बजेट आवेदनका लागि युएनडीपि र युएनएड्स जस्ता प्राविधिक साझेदारहरुको सहयोगमा ग्लोबल फन्डले यौनकर्मी हरु, पुरुष समलिंगी हरु, ट्रान्स्जेन्डर व्यक्तिहरु माझ एच.आई.भी. को प्रकोपलाई कसरी सम्बोधन गर्ने सम्बन्धी निर्देशिका तथा स्रोतहरुको विकास गरेको छ । यसको अलावा लैंगिक समानतालाई सम्बोधन गर्दै महिला र बालीकाहरुका लागि रोग विरुद्धको प्रतिकार्यलाई सुदृढीकरण गर्ने, समुदायका प्रणालीहरु सुदृढीकरण गर्ने विषयका निर्देशिका तथा स्रोतहरुपनि उपलब्ध छन् । यसका साथै एच.आई.भी., टी.वी. र मलेरिया सम्बन्धी मानव अधिकारका विषयलाई कार्यान्वयन गराउने तथा लागू औषध प्रयोगकर्ताहरुमाझ जोखिम न्यूनिकरण गर्ने सम्बन्धी निर्देशिका तथा स्रोतहरुको पनि विकास गरिएको छ ।

## क्रियाकलापहरु

बजेट आवदनमा समावेश गराउन सकिने सी.आर.जी. सम्बन्धी क्रियाकलापहरुका केही उदाहरणहरु यहाँ प्रस्तुत गरिएका छन् । यहाँ धेरै उदाहरणहरु प्रस्तुत गरिएका छैनन् तर यसले सी.आर.जी. सम्बन्धी क्रियाकलापहरु कस्तो प्रकारको हुनु पर्दछ भन्ने झलक दिनेछ ।

१ **<u>समुदायमा आधारित रणनीतिक सूचना</u>**

**क्रियाकलापहरुः** मुख्य जनसांख्यिक समूहको नक्सांकन गर्ने साधन (tool) को विकास गर्ने, मुख्य जनसांख्यिक समूह पहिचानको लागि नक्सांकन गर्ने विधिको अभ्यास गर्ने, र मुख्य जनसांख्यिक समूह सम्बन्धी संस्थाहरुको डाटाबेस तयार गर्ने । **नमुना सुचकांकहरु** : नक्सांकन गर्ने साधनको विकास गरिएको तथा यसलाई वैधता प्रदान गरिएको हुने, नक्सांकन सम्बन्धी अभ्यास गरिएको हुने, डाटाबेस तयार गरिएको तथा यसको प्रयोग गरिएको हुने

२ **<u>समुदायमा आधारित स्वास्थ्य सेवाको अनुगमन</u>**

**क्रियाकलापहरुः** समुदाय समावेशी तथा समुदायमा आधारित स्वास्थ्य सेवा सम्बन्धी दस्तावेजहरुको अध्ययन तथा पुनरावलोकन गर्ने, समुदायमा आधारित अनुगमन प्रणालीको विकास तथा योजना गर्ने, अध्ययन/अनुसन्धान सम्बन्धी योजनाको विकास गर्ने, अनुगमन सम्बन्धी क्रियाकलापहरुको संचालन गर्ने (बेसलाईन अध्ययन, समूह छलफल FGD, सेवाग्राहीको सर्भे आदि) । **नमुना सुचकांकहरुः** दस्तावेजहरुको अध्ययन/पुनरावलोकन गरिएको, अनुगमन प्रणालीको विकास गरिएको तथा अनुगमन सम्बन्धी क्रियकलापहरुको योजना गरिएको बजेट निर्धारण गरिएको, अध्ययन/अनुसन्धानको योजना बनाईएको, र अनुगमन सम्बन्धी क्रियाकलापहरु संचालन गरिएको र दस्तावेज बनाईएको

३ **<u>नीतिगत वकालत</u>**

**क्रियाकलापहरुः**नीतिको पुनरावलोकन : सरोकारवालाहरुसेंग छलफल/परामर्श गर्ने, वकालत सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने (अभियान, पत्र पठाउने, बैठक आदि), नीति निर्माण सम्बन्धी निर्णय प्रकृयामा समुदायको सहभागीता गराउने । **नमुना सुचकांकहरुः** समिक्षा गरिएको र प्रतिवेदन तथा सुझावहरुलाई वैधता दिईएको र प्रकाशित गरिएको, वकालत सम्बन्धी क्रियाकलापहरु संचालन गरिएको र यसको दस्तावेज बनाईएको, नीति निर्माण प्रकृयामा संलग्न भएका समुदायका वकालतकर्ताहरुको संख्या

४ **<u>समुदायको क्षमता अभिवृद्धि</u>**

**क्रियाकलापहरुः**संस्थागत विकास, मानव स्रोत, नेतृत्व, सीप जस्ता विषयमा समुदायको आवश्यकताको लेखाजोखा गर्ने, आधारभूत संस्थागत सहयोगको व्यवस्था गर्ने (उदाहरणका लागि कानूनि तथा रजिष्ट्रेसन सम्बन्धी आवश्यकता पूरा गर्नका लागि), शुशासन सम्बन्धी दस्तावेजहरुको विकास गर्ने, संस्था संचालन खर्चमा सोझै अनुदान दिने, र संस्थागत विकास सम्बन्धी तालिम संचालन गर्ने । **नमुना सुचकांकहरुः** आवश्यकताको लेखाजोखा गरिएको, सुझावहरुका आधारमा क्षमता अभिवृद्धि योजनाको विकास गरिएको, आधारभूत संस्थागत सहयोग प्रदान गरिएका जम्मा संस्थाहरुको संख्या, शुशासन सम्बन्धी दस्तावेजको विकास गरिएको तथा वितरण गरिएको, संस्था संचालन खर्चमा सोझै अनुदान प्राप्त गरेका संस्थाहरुको जम्मा संख्या, संस्थागत विकास तालिम संचालन गरिएको